CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #६५
१२ ।६ ।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## आ.व. २०७७/७८ मा प्रदेश तथा स्थानीय तहको लागत साझेदारीमा सञ्चालन हुने तालिमहरु

### निर्माण
मेसन, स्काफोल्डिङ, कार्पेन्टिङ, स्टिल फिक्स्चर, प्लम्बिङ, विद्युत जडान, अटोमेकानिक्स्, वेल्डिङ, मोबाईल, टि.भि., कम्प्युटर, ईन्भर्टर मर्मत आदी

### कृषि
पशु स्वास्थ्य कार्यकर्ता, कृषि कार्यकर्ता, तरकारी खेती, नगदे वाली, च्याउ खेती, माहुरी, बंगुर, कुखुरा पालन, हातेक कागज निर्माण, उन प्रशोधन

### सेवा
ब्युटी पार्लर, केयर गिभर, मन्टेश्वरी तालिम

### कला
थान्का, मूर्तिकला, बेतबाँस, मिथिला, पेन्टिङ, वुड कार्भिङ, स्टोन कार्भिङ, कपडामा जरी भर्ने, माला, थैली, पर्स बनाउने, फोटो फ्रेम लेमिनेसन गर्ने, पोते, माला, सजावटका सामान उत्पादन गर्ने

### पर्यटन
कुक, वेटर, वेट्रेस, हाउस किपिङ, हाउस मेड, बारमेन, सेल्स पर्सन, फ्रन्ट अफिस मेनेजमेन्ट, सेक्रेटरी, टुरिष्ट गाईड

### होजियारी तथा तयारी पोशाक
सिलाईकटाई, ढाका बुनाई, गार्मेन्ट्स, गलौचा, राडी पाखी बुनाई, ईम्ब्रोडरी, फेशन डिजाईन, बक्रम बनाउने, धागो बुन्ने

### खाद्य सामाग्री प्रशोधन
कुकिज, पाउरोटी, जुस, अचार, रस बनाउने, वारिष्ट्रा, चिया, अदुवा, अलैची, अमला, बेसार, टिमुर, खुर्सानी, बिउ बिजन प्रशोधन

### सूचना प्रविधि
फ्रन्ट ईन्ड डिजाईन, वेवसाईट डिजाईन, ग्राफिक्स् डिजाईन, डाटाबेस तथा सफ्टवेयर निर्माण, डाटा प्रशोधन

स्रोत: https://www.mofaga.gov.np/news-notice/2115

## नेपाल अपडेट



काभ्रेको बनेपामा लामो समयदेखि पढाइ सुरु नभएपछि आफ्नो अभिभावकले चलाउने रिक्सामा बसेर पढ्दै बालबालिका ।

तस्बिर: केशवराज पौडेल

### परिक्षण
पिसिआर परिक्षण: ९,९८,४०७
पोजेटिभ: ७४,७४५
उपचाररत: १९,६२४
मृत्यु : ४८१
सन्चो भएका : ५४,६४०






accountabilitylab NEPAL

# हल्ला र तथ्य



लामो दुरीको यात्राबाट आएका व्यक्तिहरु झरीमा रुझ्दै पिसिआर परीक्षणको लागि लाईनमा बस्नुपरेका समाचार आईरहेकाछन् । के त्यस्ता व्यक्तिले परीक्षण गराउनै पर्ने हो ?

लमो दुरीको यात्रा गर्ने वित्तिकै पिसिआर परीक्षण गर्नु पर्दैन । संक्रमित व्यक्तिको सम्पर्कमा आएको पाँच दिन पछीमात्र पिसिआर परीक्षण गर्दा आफु कोरोना संक्रमित भए/नभएको थाहा हुन्छ । यात्रा गरेर आएका व्यक्तिले आफु आएको मितिले दुई हप्ता सम्म आफ्नो कोठामा छुट्टै बस्नु पर्दछ । त्यो अवधीमा कोरोना सम्बन्धी कुनै लक्षण देखिएमा मात्र आफ्नो नजिकको वडा कार्यालयलाई तुरुन्त जानकारी गराउनु पर्दछ । त्यस पछी वडाले नै आवश्यक समन्वय गरी पिसिआर जाँच गर्न र अन्य जानकारीका लागि स्वास्थ्यकर्मीलाई सम्बन्धित व्यक्ति भएकै ठाउँमा पठाउँछ ।

स्रोत: https://www.dotm.gov.np/Files/NoticePDF/



कोरोनाको कारण विदेशमा रहेका थुप्रै नेपालीको रोजगारी गुमेको छ, तर रेमिट्यान्स् त पहिलो वर्ष भन्दा बढ्यो भन्छन् नि ?

चालु आर्थिक वर्षको पहिलो महिनामा कूल ९२ अर्ब ७१ करोड रुपैयाँ बराबरको रेमिट्यान्स् नेपालमा भित्रिएको छ । नेपाली कामदार रहेका गन्तव्य राष्ट्रमा कोरोनाको सक्रमण जारी रहेपनि रेमिट्यान्स् आप्रवाह २३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष सोही अवधिमा रेमिट्यान्स् आप्रवाह २ प्रतिशतले बृद्धि भएको थियो । सरकारले अवैध माध्यमबाट आउने रेमिट्यान्स्लाई वैधानिक माध्यमबाट भित्र्याउन लिएका नीति तथा कार्यक्रम प्रभावकारी बन्दा, हुण्डीलगायतका अवैध कारोबार रोकिएकोले बैंकिङ प्रणालीबाट मात्रै रेमिट्यान्स् भित्रिएकोले यो बृद्धिदर देखिएको हो ।

स्रोत: https://www.nrb.org.np/contents/uploads/2020/09/One-Month-data_2077.78-2.pdf



के सरकारले सार्वजनिक यातायातमा यात्रा गर्ने यात्रुले भाडा अनलाईन माध्यमबाट मात्र तिनुपर्ने भनेको हो ? यो त सबैको लागि सम्भव हुदैन नी ?

सार्वजनिक यातायातमा यात्रा गर्दा स्वास्थ्यका अरु मापदण्ड पुरा गरे पनि भाडा उठाउँदा कोभिड - १९ को सम्भावित जोखिम बढ्ने कुरालाई मध्यनजर गरेर यातायात व्यवस्था विभागले सम्बन्धित यातायात व्यवसायीलाई सुरक्षित वैकल्पिक उपाय अवलम्बन गर्न भनेको हो । जस अनुसार सकभर मोबाईल बेस्ड स्क्यान एण्ड पे प्रणाली वा कन्ट्याक्टलेस कार्डको सुरुवात गर्ने । त्यो नभए, अनलाईन भुक्तानी को व्यवस्था गर्ने । त्यो पनि सम्भव नभए, भाडा संकलनको लागि छुट्टै बाकस बनाएर यात्रुलाई फिर्ता नगर्नुपर्ने गरी यात्रुलाई रकम राख्न लगाउने र भाडा असुलीमा सकभर प्रत्यक्ष नगदको प्रयोग नगर्ने भनेको हो।

स्रोत: https://cutt.ly/2f1S4L5



प्रदेश पाँचको सरकारले नजिकिएको चाडपर्बका बेला नेपाल भारतका सिमा नाका बन्द गर्ने भन्ने सुनियो, वास्तविकता के हो ?

चाडवाडको बेला भारतीय सिमावर्ती बजारमा किनमेलका लागि जाने नेपालीहरूलाई लक्षित गरेर प्रदेश ५ सरकारको कोरोना संकट व्यवस्थापन केन्द्रको बैठकले सिमा वारपार आवतजावत रोक्ने निर्णय गरेको हो । भारतबाट आफनो घर जान आउने नेपाली र नेपालबाट आफनो घर जान हिडेका भारतीयहरूलाई भने रोकिने छैन । भारतमा संक्रमण तिब्र भएका कारण किनमेलको लागि भारतीय बजार जान खोज्ने नेपालीहरूलाई भने रोकिने भएको हो । सिमा नाकामा सुरक्षित आवतजावतका लागि तोकिएका सीमानाकाबाट मात्र सुरक्षित र स्वास्थ्य सुरक्षा मापदण्ड अनुसारको आवगमनको व्यवस्था गर्ने, हेल्थडेक्स राख्ने, अभिलेख राख्ने निर्णय प्रदेश पाँचको सरकारले गरेको छ ।

स्रोत: बैजनाथ चौधरी, प्रवक्ता, प्रदेश सरकार, प्रदेश नं. ५

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्

२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**

को बारेमा बुझ्न निःशुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| ३,३३,१९३ संक्रमित | १,०३,५४४ संक्रमित | ६९,३६१ संक्रमित | १,२५,०८४ संक्रमित | ९२,०९५ संक्रमित | ९७,४५० | ११,०३४ संक्रमित | २३,६६१ संक्रमित |
| १८७५ नेपाली संक्रमित | १६५० नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २२,५०० नेपाली संक्रमित | २४०० नेपाली संक्रमित | ४५ नेपाली संक्रमित | ८१ नेपाली संक्रमित | २ नेपाली संक्रमित |
| ११ मृत्यु भएका नेपाली | ७ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १६ मृत्यु भएका नेपाली | ३० मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोतः https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

## अक्टोबर १ तारीख देखी दोहा र काठमाण्डौ बिचमा नियमित उडानहरु सुरु हुने भएका छन्

### उडान भर्ने एयरलाईन्सहरु

नेपाल एयरलाईन्स्

हिमालाय एयरलाईन्स्

कतार एयरलाईन्स्

### प्रकृया

- अब दुतावासको नाम लिस्ट कुरेर बस्नु पर्दैन । आफ्नै तरिकाले एयरलाईन्स्को अफिस या आधिकारिक ट्राभल्सहरुबाट टिकट लिएर यात्रा गर्न सकिने छ ।
- नेपालको नियम अनुसार, नेपालमा PCR Negative Report ७२ घण्टा नकटेको हुनु पर्ने भएकाले टिकट कन्फर्म भएपछी मात्र त्यसकै आधारले समय मिलाएर PCR Test को लागी जानुहोला । PCR को रिपोर्ट आउन साधारणतया २४ देखी ४८ घण्टा लाग्ने भएकोले सोही अनुसार आफ्नो समय मिलाउनुहोला । रिपोर्ट आएपछी घण्टा गन्ती हुने कुरा पनि जानकारीमा राख्नु भयो भने राम्रो हुन्छ ।
- नेपाल फर्किने सबैले CCMC को फारम भर्नु पर्ने हुन्छ । फारम अनलाईनबाट भर्न सकीने हुनाले www.ccmc.gov.np मा गएर फारम भरेर त्यसको बारकोड प्रिन्ट गरेर या मोबाईलमा स्क्रिनसट गरेर पनि राख्न सक्नुहुन्छ । सो बारकोड एयरपोर्टमा देखाउनु पर्ने हुन्छ ।

www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००

क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

अन्य
रु. १,२४,७३,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

## प्रदेश सरकारले गरेको खर्च




accountabilitylab NEPAL

# विदेशबाट फर्किएका युवालाई स्थानीय तहको नीति तथा कार्यक्रमले अझै समेट्न सकेन

काभ्रेपलाञ्चोक जिल्लाबाट वार्षिक दशहजारको संख्यामा महिला तथा पुरुषहरु वैदेशिक रोजगारीमा जाने गरेका छन् । जिल्लाबाट खाडी मुलुकमा वार्षिक पाँच हजारको हाराहारीमा पुरुष तथा एक हजारभन्दा धेरै महिलाहरू वैदेशिक रोजगारीमा जाने गरेका छन् । त्यसै गरेर वार्षिक चार हजारको संख्यामा भारत तथा अन्य देशहरूमा वैदेशिक रोजगारीमा जाने गरेको अनुमान छ ।



१३ वटा स्थानीय तह रहेको काभ्रेपलाञ्चोक जिल्लामा २०७६ चैत्र देखि २०७७ भदौ मसान्तसम्म वैदेशिक रोजगारीबाट पाँच हजारभन्दा धेरै युवा फर्किएका छन् । त्यसै गरेर, पाँच हजारको हाराहारीमा भारतबाट फर्किएका छन् । जिल्ला स्वास्थ्य कार्यालय काभ्रेका अनुसार काभ्रेपलाञ्चोक जिल्लामा यो समयमा ४२६ जना फर्किएको रेकर्ड छ । तर पछिल्लो समय काठमाण्डौमा रहेको होल्डिङ सेन्टरबाट सिधै गाउँ गाउँमा जान थालेपछि जिल्लामा थपिएको रेकर्ड छैन । एक स्थानीय तहमा कम्तिमा पाँच सयभन्दा धेरै युवाहरू वैदेशिक रोजगारीबाट फर्किएका छन् ।

वैदेशिक रोजगारीको सिलसिलामा काभ्रेबाट विदेसिनेमा सबैभन्दा बढी १८ देखि ३५ वर्ष उमेर समूहका रहेका छन् । तर, गन्तव्य मुलुकबाट स्वदेश फर्कनेमा २५ देखि ३४ वर्ष उमेर समूहका श्रमिक संख्या सबैभन्दा बढी रहेको छ । नेपालभरमा विगत पाँच वर्षमा गन्तव्य मुलुकबाट फर्केकामध्ये धेरै नेपाली बेरोजगार रहेको श्रम मन्त्रालयको तथ्यांकले देखाउँछ । विदेशबाट फर्केकामध्ये ५५.८% बेरोजगार रहेको प्रतिवेदनमा उल्लेख छ । गन्तव्य मुलुकहरूबाट स्वदेश फर्कनेमा ४४.२% मात्र रोजगारीमा संलग्न भएको प्रतिवेदनले देखाएको छ । मन्त्रालयले सार्वजनिक गरेको प्रतिवेदनअनुसार वैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरूमा सबैभन्दा बढी भारतबाट फर्केका ५१% नेपाली कुनै पनि काममा संलग्न छैनन् । त्यस्तै, मलेसियाबाट ३४.३%, खाडी मुलुकबाट ३९.६%, अन्यबाट ४५.९% व्यक्ति कुनै पनि काममा संलग्न छैनन् । त्यसैगरी, मलेसियाबाट फर्केका १४.९%, भारतबाट ११.९%, खाडीबाट १५.७% र अन्य देशबाट फर्केका ११.२% पूर्णबेरोजगार रहेको मन्त्रालयको तथ्यांकले देखाउँछ । विदेशबाट फर्केका श्रमिकहरूमध्ये, कृषि, वन तथा मत्स्यपालनको सिप सिकेका श्रमिक भने, स्वदेश फर्केपछि पनि सोही काममा संलग्न हुने गरेको पाइएको छ ।

विदेशबाट सिप सिकेर फर्केका व्यक्तिको सिप कसरी प्रयोगमा ल्याउन सकिन्छ भनेर काभ्रे जिल्लाका कुनै पनि स्थानीय तहले स्पष्ट नीति तथा कार्यक्रम सार्वजनिक गर्न सकेका छैनन् । असारमा बनेको नीति तथा कार्यक्रममा पनौती नगरपालिकाले भने वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुलाई रोजगारी सृजना गराउन सामुहिक खेती, पशुपालनको बारेमा बजेट विनियोजन समेत गरेको छ । अन्य केही स्थानीय तहले व्यवस्थित रुपमा रेकर्ड राखेर वैदेशिक रोजगारीबाट फर्किएकाहरूलाई सामुहिक रुपमा ऋणको व्यवस्था गर्ने बिषयमा समेत निर्णय गरेका छन् । सिप सिकेर फर्किएका युवालाई स्थानीय स्तरमै सिप अनुसारको रोजगारी र अन्यलाई रोजगारीसँग जोड्ने तालिमको व्यवस्था नगर्ने हो भने, दक्ष जनशक्ति विदेसिने प्रकृया चलिरहने छ ।

# काठमाण्डौ उपत्यकामा संक्रमितको संख्या अझै बढ्दै छ

सही सूचना

काठमाण्डौ उपत्यकामा दैनिक कोभिड - १९ बाट संक्रमित हुनेहरुको संख्या (२०७७ भदौ २५ देखी असोज ११ सम्म)




माथिको ग्राफमा काठमाण्डौ उपत्यकाका तिन जिल्लामा दैनिक कोभिड - १९ बाट संक्रमित हुनेहरुको संख्या देखाईएको छ । यसले उपत्यकामा संक्रमण कम हुने कुनै संकेत देखाउँदैन । यसरी हेर्दा काठमाण्डौ उपत्यका अहिले संक्रमणको केन्द्रको रुपमा अगाडी आएको छ । देशभरीका जम्मा संक्रमितको आधा भन्दा बढी संक्रमित र दैनिक थपिने नयाँ संक्रमित मध्ये आधा संक्रमित काठमाण्डौ उपत्यकाबाट नै छन् । एकातिर संक्रमणको दर तिव्र रुपमा बढ्नु र अर्कोतिर उच्च जनघनत्वसँगै मानव चहलपहल बढी हुने भएकोले काठमाण्डौ उपत्यकामा जोखिम बढी छ । त्यसैले, समयमै यसको रोकथामको लागि कदम चाल्न जरुरी छ । स्मरण गनुपर्ने कुरा के पनि छ भने, कुल मध्ये आधा भन्दा बढी पिसिआर परीक्षण पनि काठमाण्डौ उपत्यकामा नै भईरहेको छ । उपत्यका बाहिर संक्रमितको संख्या कम देखिनुको एउटा कारण यो पनि हुन सक्छ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरू, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs